सम्पादकीय

भूमे साप्ताहिक

वर्ष ७ अङ्क १३ कार्तिक ०९ आईतबार

# जीवनभन्दा ठूलो हतार केही छैन

तिहार सकिएलगत्तै देशभर यात्रुहरूको ओइरो लाग्न थालेको छ।घर फर्केका मजदुर, विद्यार्थी, कर्मचारी र आमजनता अब शहर फर्किन आतुर छन्।बसपार्क र सडकहरूमा मानिसहरूको भिड, यात्राको हतार, र सवारीसाधनहरूको धुलो–धुवाँ।यी सबै दृश्यहरू नेपालका हरेक तिहारपछि दोहोरिने चित्र हुन्।तर यो चित्रभित्र एउटा अदृश्य जोखिम पनि लुकेको हुन्छ।सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु चढाइने, छतमा मानिस लट्किने र चालकहरूले हतारमा गति नियन्त्रण गुमाउने।यो हतार, यो भीड, र यो बेवास्ता कुनै पनि क्षणमा ठूलो मानवीय क्षतिमा बदलिन सक्छ ।

यसै हप्ताको शनिबार साँझ भूमे गाउँपालिका –४ काँडाबगरमा भएको अटो र मोटरसाइकल दुर्घटनाले फेरि एकपटक सडकसुरक्षाबारे गम्भीर प्रश्न उठाएको छ।एकछिनको लापरवाही र असावधानीले सात जनाको ज्यान जोखिममा पऱ्यो।तीमध्ये बालबालिका, महिला र चालक सबैको जीवन एकछिनका लागि खतरा बनेको थियो ।

यस्ता घटना हाम्रो गाउँ–सहरका सडकमा दिनहुँजसो दोहोरिइरहेका छन्।तर, त्यसको कारण र समाधानबारे गम्भीर छलफल भने कहिल्यै हुँदैन्।कतै सडक संकीर्ण छन्, कतै सवारी चालक बिना तालिम सडकमा छन्, कतै ट्राफिक व्यवस्थापन नै छैन।मध्यपहाडी लोकमार्गजस्ता भीडभाडयुक्त सडकमा अटो, मोटरसाइकलदेखि ठूला गाडीहरू सँगसँगै गुड्दा दुर्घटनाको जोखिम झन् बढिरहेको छ ।

यस घटनामा स्थानीय प्रतिनिधि, समाजसेवी र पत्रकारहरू तत्काल उद्धारमा सक्रिय हुनु सकारात्मक पक्ष हो।यसले देखाउँछ।मानवीयता अझै बाँकी छ।तर, घटनापछि सवारी नियन्त्रणमा लिएर अनुसन्धान सुरु गर्नु मात्र पर्याप्त होइन।बालबालिका र महिलासहितका यात्रु घाइते हुने यो दुर्घटनाले सडकमा सुरक्षाको अवस्था कति कमजोर छ भन्ने देखाउँछ। चालकहरूलाई नियमित तालिम, सवारीसाधनको मर्मत जाँच, र गतिसीमा पालनामा कडाइ नगरेसम्म यस्ता दुर्घटनाले "सामान्य घटना"को रूपमा निरन्तरता पाउनेछन् ।

दुर्घटना भयो।भनेर समाचारमा सीमित नहोस, बरु "दुर्घटना रोक्न के गरियोरु" भन्ने उत्तर खोज्ने प्रयास गरियोस।भूमे साप्ताहिकले यस्ता घटनालाई चेतावनीको रूपमा लिन्छ र सम्बन्धित निकायलाई तत्काल सुधारका लागि आग्रह गर्दछ।जीवन अमूल्य हो।यसलाई हरेक मोड, हरेक सडक, र हरेक यात्रामा सुरक्षित बनाउने जिम्मा हामी सबैको हो ।



प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको
कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

समाचार

वर्ष ७ अङ्क १३ २०८२ कार्तिक ०९ आईतबार

***मौलिक परम्पराको संरक्षण***



# तिहारमा गोरु जुधाउने प्रतियोगिता

❖ ***बालाराम शेर्पाली***

रुकुमपूर्व। लुम्बिनी प्रदेशको हिमाली जिल्ला रुकुमपूर्वको भूमे गाउँपालिका –६, महतमा परापूर्वकालदेखि चलिआएको गोरु जुधाउने परम्परागत प्रतियोगिता यस वर्ष पनि धमाकेदार रूपमा सम्पन्न भएको छ । गाउँ खरदरी समितिद्वारा प्रत्येक वर्ष तिहारको द्वारे औंसीका अवसरमा आयोजना गरिने यो प्रतियोगिता यसपालि पनि गाई तिहारबाट सुरु भएको प्रतियोगिता २ चलेर सम्पन्न भएको हो ।

२०७४ सालदेखि परम्परागत रूपमा प्रत्येक वर्ष नयाँ मुखियाको नेतृत्वमा सञ्चालन हुँदै आएको यो प्रतियोगिता यसपटक नवौं मुखिया धरम बुढाको नेतृत्वमा सम्पन्न गरिएको हो । प्रतियोगितामा १० टिमले भाग लिएका थिए।प्रतिस्पर्धात्मक भिडन्तमा कृषक हर्कबहादुर सुनार प्रथम, तपस घर्ती द्वितीय, अमरजङ बुढा तृतीय तथा प्रेम बुढा र सूर्य बुढा सान्त्वना स्थानमा परेका छन् । विजेताहरूले क्रमशः ५ हजार, ३ हजार ५ सय, २ हजार ५ सय र १ हजार ५ सय रुपैयाँका पुरस्कार प्राप्त गरेका छन्।

मुखिया धरम बुढाको अनुसार हरेक वर्ष असार महिनामा नयाँ समितिको चयन गरी वर्षभरका नीति–नियम र कार्ययोजना तय गरिन्छ । गाउँका कृषकहरूबाट उत्पादन हुने अन्न, फलफूल, मासु लगायत उपभोग्य वस्तुको मूल्य निर्धारणदेखि चरण क्षेत्रको व्यवस्थापनसम्मका निर्णय यही समितिले लिन्छ।चरण क्षेत्रमा मनपरी चरिचरण गर्ने, घाँसपात वा सोत्तर सेउला गर्नेहरूलाई जरिवाना (बनाउलो) तोकिने चलन अझै पनि यथावत् छ । त्यो जरिवानाबाट संकलित रकम समितिको कोषमा जम्मा गरिन्छ र सोही रकमबाट गाउँका चाडपर्व, आजापूजा, खानेपानी धारो, पोखरी, घोरेटो बाटो लगायतका सानातिना विकासका काम सम्पन्न गरिने मुखिया बुढाले बताए ।

# *सिमा गाउँको अनौठो चलन*

# बाहिरबाट आएका पाहुना र चेलीबेटीलाई सम्मान



❖ ***कमल विश्वकर्मा***

रुकुमपूर्वको भूमे गाउँपालिका – ३ सिमा गाउँमा बाहिरबाट आएका पाहुना र आफ्ना चेलीबेटीलाई विशेष सम्मान गर्दै सामूहिक भोजन खुवाउने अनौठो परम्परा आजसम्म पनि जिवन्त छ।तिहारको भाइटीका सकि एलगत्तै गाउँभरिका दाजुभाइ, दिदीबहिनी, बालबालिका र बृद्धबृद्धा गाउँको चौतारामा भेला भएर यो मौलिक चलन मनाउने गर्छन्।

स्थानीय बासिन्दा चन्द्र रसाईलीका अनुसार यो परम्परा कुनै नयाँ होइन, परापूर्व कालदेखि नै सिमा गाउँको सांस्कृतिक चिनारीका रूपमा स्थापित छ । "तिहार सकिएपछि बाहिरबाट फर्किएका चेलीबेटी र गाउँमा **आएका पाहुनाहरुलाई गाउँलेहरू एकै ठाउँमा भेला** भएर खाना खुवाईन्छ । यसलाई हामीले माया,

स्थानीय बासिन्दाहरूका अनुसार तिहारको द्वारे औंसीका दिन गोरु जुधाउने चलन कृषि संस्कृतिसँग जोडिएको मौलिक परम्परा हो।वर्षभर बस्तीका किसानहरूले गोठालो र पशुपालनमा गरेको श्रम र दक्षताको प्रतिविम्ब पनि यही प्रतियोगिताबाट झल्किने गरेको उनीहरूको भनाइ ।

प्रतियोगितामा लगातार दुई वर्ष प्रथम स्थान हासिल गर्न सफल किसान हर्कबहादुर सुनारले भने, "गोरु जुधाउने संस्कार हाम्रो मौलिक पहिचान हो । कहिलेकाहीँ चोटपटकको जोखिम भए पनि जित–हारभन्दा माथि उठेर परम्परा जोगाउने उद्देश्यले हामी खुशीसाथ सहभागी हुन्छौं।"

मुखिया धरम बुढाका अनुसार प्रतियोगिताका गोरुहरूको कुनै विमा व्यवस्था नभएको र पुरस्कार राशी पनि न्यून भएकाले किसानहरू सहभागी हुन हिचकिचाउने गरेको चुनौती छ।हाल महत गाउँका गोरुहरूबीच मात्र प्रतिस्पर्धा गराइने हुँदा सहभागीको संख्या सीमित रहेको उनले बताए।

वडाध्यक्ष विक्रम पुन मगरका अनुसार, "यो मौलिक संस्कृतिलाई योजनाबद्ध रूपमा संरक्षण र प्रवर्द्धन गर्न सके यसलाई खुला प्रतियोगिताका रूपमा विस्तार गरी पर्यटन प्रवर्द्धनको माध्यम बनाउन सकिन्छ।विमा प्रणालीसहित व्यवस्थापन गर्न सके दर्शकको संख्यामा पनि उल्लेख्य वृद्धि हुने बुढाले बताए । सांस्कृतिक धरोहर र स्थानीय जीवनशैलीसँग प्रत्यक्ष सम्बन्धित गोरु जुधाउने यो परम्परा अहिले पनि रुकुम पूर्वको महत गाउँमा गाउँलेहरूको साझा उत्सव र गर्वको प्रतीक बनेर निरन्तर चलिरहेको छ।

सम्मान र भाइचाराको प्रतीकका रूपमा लिएका छौं," रसाईलीले भने। यो परम्पराले गाउँमा सामाजिक ऐक्यता र भाइचाराको भावना सुदृढ पार्ने काम गरेको स्थानीयहरू बताउँछन् । रसाईलीका अनुसार "हामी सँगसँगै बसेर खाने, हाँस्ने र सम्झना बाँड्ने काम गर्छौं।यसले गाउँका मानिसबीच आत्मीयता बलियो बनाउँछ ।" चन्द्र रसाईली थप्छन् ।"मिलेर बसेको समाज ढुङ्गा र माटोले बनेको घरभन्दा ठूलो सम्पत्ति हो।यस चलनले हाम्रो गाउँमा एकता, आपसी माया र सहकार्यको संस्कारलाई जोगाइरहेको छ ।"

गाउँका जेष्ठ नागरिक अम्मरे पुन भन्छन् । "पहिलेका दिनमा जसका आमा–बुबा थिएनन्, उनीहरूलाई गाउँलेहरूले नै 'तिको' लगाइदिने गर्थे।तिहारको समयमा माया – ममता बाँड्ने त्यो संस्कारकै रूपान्तरण अहिलेको पाहुना – सम्मान भोजमा विकसित भएको हो । " उनका अनुसार यो परम्परा आज पनि ठीक त्यही आत्मीयतासहित निरन्तरता पाइरहेको छ।यो वर्ष पनि तिहार सकिएपछि सिमा गाउँको चौतारामा सबै गाउँलेहरूले सामूहिक रूपमा यो संस्कार मनाए। गाउँका बालबालिका, बुद्धिजीवी, भद्रभलाद्मी, युवा र वृद्ध सबै उपस्थित थिए । गाउँकै खेतमा उत्पादन भएको धानको भात, रागाको मासु र घरघरका परिकार सहितको भोजमा गाउँका पाहुना र चेलीबेटीलाई खुवाउने चलन रहेको छ ।

तिहारको अवसर पारेर माईती फर्किएका चेलीबेटी र बाहिरबाट आएका पाहुनाहरू पनि यो परम्पराबाट निकै प्रभावित छन् । उनीहरूका अनुसार "गाउँमा फर्किंदा सबैले भेला भएर यसरी माया र सम्मानका साथ खाना खुवाउँदा आत्मीयता महसुस भएको बताएका छन् । वर्षमा एकचोटि मनाइने यो पाहुना– सम्मान संस्कारले गाउँको सामाजिक बन्धनलाई बलियो बनाउने काम गरेको छ ।

## तिहारपछि यात्रुको भीडमा रुकुमपूर्व

# सिट अभाव, सडकमा ठेलमठेल र प्रशासन सतर्क



➢ ***बालाराम शेर्पाली***

तिहार सकिएलगत्तै रुकुमपूर्वको रुकुमकोट लगायत भूमे गाउँपालिकाको विभिन्न स्थानहरुमा जिल्ला बाहिरिने यात्रुको असामान्य चाप देखिएको छ।तिहार मनाउन गाउँ फर्किएका तथा आफ्ना आफन्तसँग भाइटीका लगाउन आएका अतिथि अहिले पुनः काठमाडौं, दाङ, सल्यान र रुकुम पश्चिमसहितका जिल्लातर्फ फर्किन थालेका छन् ।

रुकुमकोट यातायात प्रालिका उपाध्यक्ष गणेशकुमार शाहका अनुसार केवल तीन दिनमै कार्तिक ७ देखि ९

गतेसम्म ५ सय ४४ जना यात्रु विभिन्न गन्तव्यतर्फ प्रस्थान गरेका छन् । "तिहारपछि यात्रुको भीड प्रत्येक वर्षजस्तै यो वर्ष पनि अत्यधिक छ," शाहले भूमे साप्ताहिकसँग भने, "हामीले अहिले नै करिब एक हजार यात्रु पठाउने तयारी गरेका छौँ ।" त्यस्तै, सिस्ने यातायात प्रालिबाट पनि २६० जना यात्रु बाहिरिएका छन्।प्रालिका इन्चार्ज प्रकाश मल्लका अनुसार कार्तिक १४ गतेसम्म यो सङ्ख्या ८ सयसम्म पुग्ने अनुमान गरिएको छ ।

दुवै यातायात प्रालिका तथ्याङ्क अनुसार आगामी एक साता भित्र रुकुमपूर्वबाट करिब २५ सय यात्रु बाहिरिने देखिएको छ । यीमध्ये धेरैजसो रोजगारी, अध्ययन र व्यक्तिगत कामका कारण पुनः आफ्ना कर्मथलो फर्किँदै छन् । बिहानदेखि बेलुकीसम्म यात्रुहरूले भरिएको देखिन्छ।टिकट काउण्टर अगाडि लामो लाइन, बोराका र सवारी पर्खिरहेका यात्रुको भीड सबै मिलेर रुकुमपूर्वको पोस्ट-तिहार दृश्य बयान गर्छन् । स्थानीय व्यवसायीले भनेका छन्, "तिहारमा गाउँका घर-घर रमाएका थिए, अहिले फेरि गाउँ खाली हुँदैछ ।"

यात्रुको भीड बढेसँगै जिल्ला प्रशासन कार्यालय रुकुमपूर्वले पनि यातायात व्यवसायीलाई सचेत गराएको छ।प्रमुख जिल्ला अधिकारी सीता परियारका अनुसार, "सिट क्षमताभन्दा बढी यात्रु राखेर जोखिम मोल्नु हुँदैन । यात्रुको चाप हेरेर सवारीसाधन थप गर्न निर्देशन दिएका छौँ । "

उनका अनुसार तिहारपछि कम्तीमा एक हप्तासम्म यात्रु चाप उच्च रहने भएकाले प्रहरी र प्रशासन दुवै सतर्क रहेको प्रजिअ परियारले बताए ।

रुकुमपूर्वमा तिहार, दसैं र चाडपर्वका बेला गाउँ फर्किने र त्यसपछि पुनः सहरतर्फ फर्किने यात्रुको चाप प्रत्येक वर्ष दोहोरिन्छ । "यो चाप केवल यातायातको होइन, रोजगार र अवसरको पनि कहानी हो । "अधिकांश युवाले रोजगारीका लागि काठमाडौं, बुटवल, दाङ र विदेश रोजेका छन् । गाउँमा खेती, उद्योग वा रोजगारीका पर्याप्त विकल्प नहुँदा तिहारपछि उनीहरू पुनः आफ्नो कर्मथलो फर्किन बाध्य छन् । कसैका काँधमा झोला, कसैका बोरामा स्याउ र अन्न, कसैका हातमा मकै र आलु गाउँको स्वाद लिएर सहरतर्फ लागेका उनीहरूको यात्रा केवल दूरीको होइन, जीवन संघर्षको यात्रा पनि हो ।

# अटो र मोटरसाइकल ठोक्किँदा सात जना घाइते

## *एक जनालाई पोखरा रिफर*



***साप्ताहिक सवाददाता***

भूमे गाउँपालिका–४ काँडाबगरमा अटो र मोटरसाइकल एक आपसमा ठोक्किँदा सात जना घाइते भएका छन् ।

शनिबार साँझ करिब ५:३० बजे मध्य पहाडी लोक मार्गमा भएको उक्त दुर्घटनामा अटो चालक सहित दुई सवारी साधनका सातै जना सवार घाइते भएका हुन्।

जिल्ला प्रहरी कार्यालय रुकुमपूर्वका अनुसार रुकुमकोट तर्फ आइरहेको लुम्बिनी प्रदेश –०२–००१ ह १४९३ नम्बरको अटो र विपरीत दिशातर्फ जाँदै गरेको कर्णाली प्रदेश – ०३–००१ प ०७६८ नम्बरको मोटरसाइकल एक आपसमा ठोक्किँदा दुर्घटना भएको हो ।

घाइतेमध्ये भूमे –२ खाबाङका ४५ वर्षीय सहिन पुनको बाँया आँखानजिक सामान्य चोट लागेको छ भने ११ वर्षीय सुदीप पुनको शरीरको भित्री भागमा चोट लागेको छ।सोही गाउँपालिकाकी २७ वर्षीया अस्मिता झाँक्री बुढामगरको बाँया गालामा चोट लागेको बताइएको छ ।त्यसैगरी ४३ वर्षीया कर्मकुमारी पुनलाई जिल्ला अस्पताल रुकुमपूर्वमा प्रारम्भिक उपचारपछि थप उपचारका लागि पोखरा रिफर गरिएको प्रहरी निरीक्षक लालबहादुर बिकले जानकारी दिनुभयो ।

त्यसबाहेक ८ वर्षीय बचन बुढामगरको टाउकोमा चोट लागेको छ भने आठबिसकोट –१०, रुकुम पश्चिमका १८ वर्षीय गणेश शाही र बागचौर–६, सल्यानका बसन्त भण्डारीको दाहिने हात र खुट्टाको औलामा चोट लागेको छ । घाइते छ जनालाई उपचारका लागि तत्काल जिल्ला अस्पताल रुकुमकोट पुऱ्याइएर डिस्चार्ज गरिएको छ । प्रारम्भिक उपचारपछि सबैको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

दुर्घटनापछि दुवै सवारीसाधनलाई प्रहरीले नियन्त्रणमा लिएर थप अनुसन्धान सुरु गरेको छ । तत्काल उद्धार कार्यमा भूमे गाउँपालिका प्रवक्ता तथा वडा नं: –२ का वडाध्यक्ष नारायण पुन, नेकपा माओवादी केन्द्र लुम्बिनी प्रदेश सदस्यीय रुपधन कामी, नेपाल पत्रकार महासंघ रुकुमपूर्व, समाजसेवी तथा युवा नेता चन्द्र रसाइली लगायतको टोली सक्रिय रहेको थियो ।

# मेरो बा ! को अनुदानका फाइलमा हराएको आरण

***"बा, कति बेला उठ्ने?"***

***"झिसमिसेमा फलाम ततिसकेपछि हाम्रै बिहान सुरु हुन्छ छोरा ।"***

***" बन्चरोको घाउँले ठुलो विर्छ के भै धल्यो जुगैभरी फलाम पिट्ने भन्थे मेरो बाउँले"***

***बा ! को सिङ्गारु गीत संगै कथा सुरु हुन्छ ।***

रातको अन्तिम चौथाइ हो।झिसमिसे उज्यालो अझै टाढा । गाउँका घरहरू भित्ताभरि ओसका थोपा झुण्डिएका छन् । डाँडामाथि चराहरूको स्वर अझै सुस्त छ । तर एउटा घरमा चुलोभन्दा पहिले आगो बल्छ।फलाम पोल्ने आगो।त्यही आगो हो, जसको वरिपरि तीन पुस्तादेखि मेरो बा र बाजेले पसिना बगाएका छन् । हातमा हथौडाको निलो ठेला, शरीरमा पोल्ने आगोको राप।यही हो मेरो बा ! जसले हसिया, कोदाली, खुकुरी र त्रिशूल बनाएर गाउँलाई बाँच्ने



आरण पेशा दलित समुदायसँग गाँसिएको पेशा हो।फलाम र आगो मिसाएर जीवन चलाउने यी हातहरू बिना समाज चल्दैनथ्यो । तर, जातीय विभाजनले उनीहरूलाई पछिल्लो समयमा थिचिदियो । इतिहासका पानाहरू पल्टाउँदा देख्छु । कामी, दमाई, सार्की जस्ता समुदायले देशको उत्पादन प्रणाली चलाए, युद्धका हतियार घोटे, खेतीका औजार बनाए, संस्कृतिको रेखा ताने । तर, "उनीहरू अछूत हुन्" भन्ने मानसिकताले यो योगदानलाई कहिल्यै सम्मान दिएन । संविधानले दलितलाई समान अधिकार दिएको दशकौं बितिसक्यो, तर व्यवहारमा अझै हाम्रै घर नजिकैको पानीको धारा प्रयोग गर्न नदिने घटना ताजा छ ।

मेरा बा ! अहिले ३९ वर्षको हुनुभयो।जीवनका आधा वर्ष उहाँले आरणको आगोसँग बिताउनुभयो।बिहान झिसमिसेमा उठेर फलाम पोल्न सुरु हुन्छ।नाङ्गो ढुंगामा टेक्ने, राता अंगारको मुनि फलाम पगाल्ने, हथौडाले बजाउने।यही क्रम दिनभरि चल्छ।पसिनासँगै धुवाँ, धुलो र पोलाइ मिसिन्छ।हरेक दिन फलाम पगाल्नुहुन्छ।ती हसिया, कोदाली, खुकुरी, कुटो, गैंती र हथौडाहरू गाउँका सबैको खेतीपाती र घरको आधार हुन्।गाउँमा मात्रै नभए र छिमेकी गाउँपालिका पुथाउत्तरगंगा र भूमेको छिमेकी वडाहरुको नागरिकको हातमा सबैको ओजार यिनै हातले बन्छ । तर तिनै हातको मूल्य कुनै किताबमा छैन, कुनै सरकारी सूचीमा छैन।बाजेले यो पेशा बाजुराकै पालादेखि सिक्नो भएको थियो। पोल्ने यो परम्परा हाम्रो रगतमा

हिम्मत दिएका छन् । तर विडम्बना, त्यही हात समाजको दृष्टिमा 'अछूत' मानिन्छ।

रुकुमपूर्वको भूमे गाउँपालिका–३ झुम्लाबाङ गाउँमा हाम्रो घर छ।जस्ताको तहरामुनि धुवाँ, आवाज र आगो मिसिएको संसार।यही हो हाम्रो आरण।बिहान झिसमिसेमा उठेर बा फलाम तताउँछन्, चुलोमा आगो मिलाउँछन्, अनि गाउँका कृषकहरूका लागि हतियार बनाउँछन् । तीन पुस्तादेखि यही काम । बाजेका हातमा देखिएको हथौडो आज पनि बा का हातमै छ।फर्किएको छैन इतिहास, बदलिएको छैन दृष्टिकोण।

हातमा हथौडाको ठेला बसिसकेको छ।फलाम पोल्दा निस्कने राता चिस्सिएको धुवाँले श्वासै पोल्छ, तर मेरो बा को लागि त्यो नै जीवन हो।मन्दिरका मूर्ति, त्रिशूल र देवीदेवताका काँटी यिनै हातले बनेका हुन् । तर ती हातहरू अझै "अछुत" भनेर टाढा राखिन्छन्।यही हो हाम्रो समाजको पोल्ने विडम्बना।जसले भगवानका हात बनाउन सक्छ, त्यसको हात छोइँदैन । नेपालमा

मिसिएको छ। एक पुस्ताबाट अर्को पुस्तामा हतियार बनाउने सीप सरेको छ, तर त्यो सीपसँगै समाजको "अछुत" भनिने दाग पनि सरेको छ । कहिलेकाहीँ म सोच्छु।फलाम पोल्दा जस्तो समाज पनि पगाल्न सकिए त ? दलित र गैरदलितबीचको विभेद पनि पगालेर एउटै आकारमा ढाल्न सकिए त ? तर फलाम पगाल्न सकिन्छ, मन होइन ।

मेरा बा ! निरक्षर हुनुहुन्छ । क को अर्थ पनि पढ्नुभएको छैन।तर फलाम कसरी पगाल्ने, कति तापमा पोल्दा हसिया बलियो बन्छ, कुन ढुङ्गाले धार राम्ररी फर्छ।सबै उहाँलाई कण–कणमा थाहा छ । यो विज्ञान हो, यो प्रविधि हो, यो सीप हो।तर यो सीपलाई समाजले कहिल्यै "पेशा" हैन, "जात" बनाइदियो । मन्दिरको ढोका अगाडि बा ! ले बनाएको त्रिशूल उभिन्छ।देउताको हातमा बा!ले नै बनाएको तरवाल चम्किन्छ । तर त्यही मन्दिरमा बा ! काव प्रवेश निषेध छ।"अछुत नछोऊ," भन्नेहरूकै घरमा मेरो बा! ले बनाएको कोदालीले माटो खन्दै हुन्छन् । यो कस्तो विरोधभास हो ? नेपाल सरकारले कहिल्यै नीति ल्याउन छुटाएको छैन। दलित उत्थान, सीप विकास, साना उद्यम, अनुदान।सबै सुन्नमा सुन्दर शब्दहरू हुन्।तर वास्तविकता ?

अनुदानका फाइलहरू बनाउनेलाई अनुदान पुग्छ । जसको हातले फलाम पोल्छ, उसले न फाइल लेख्न जान्दछ, न सिफारिस गर्न।त्यसैले नीतिको चर्को आवाज शहरमा हराउँछ, गाउँको आरणसम्म पुग्दैन।मेरा बा ! पनि एकपटक आवेदन दिन गएकै थिए । भनिएछ । "कागज ल्याऊ, सिफारिस गराऊ, सदस्यता देखाऊ ।" बालाई त कागज पढ्नै आउँदैन । सिफारिस गर्ने निकायमा दलित प्रतिनिधि नै छैन।त्यसपछि बा ! ले भन्नुभयो।"म फलाम पोल्न जान्छु, कागज पोल्न होइन ।"

यही हो हाम्रो राज्यको विभेद । सीपलाई होइन, सीप भएको व्यक्तिलाई होइन, फाइल बोल्छ यहाँ।फलाम पगाल्दा आगोको ताप सहन सकिन्छ, तर अन्यायको ताप असह्य हुन्छ। बाको हातमा अंगारको पोलाइ घाउ बन्छ।तर समाजले दिने पोलाइ घाउभन्दा गहिरो हुन्छ। हाम्रो घर डाँडामा छ।चिसो हावाले झ्याप्प पार्छ।वर्षा र हिउँले छानो चुहाउँछ।तर बिहान - बिहान उठेर आरणको पोल्टामा फर्किनुहुन्छ । "यो नै हाम्रो धर्म हो," भन्नुहुन्छ । बा !

मलाई कहिलेकाहीँ लाग्छ । धर्म भनेको मान्छेको श्रम होइन र ? तर हाम्रो समाजले धर्मलाई पनि जातको ऐना बनाइदियो।नेपालको संविधानले दलितको अधिकारको ग्यारेन्टी गरेको छ।तर व्यवहारमा, दलित अझै अवसरभन्दा वञ्चित छन् ।

रुकुम, रोल्पा, सल्यान, जाजरकोट, कालिकोट , जताततै आरणका धुवाँ उठ्छन्।तर ती धुवाँसँगै न्याय पनि बाफ बनेर हराउँछ । मन्दिरमा पूजा गर्न पाइँदैन, सरकारी कार्यालयमा "कसको सिफारिस ?" भनेर सोधिन्छ।तर खेतमा हसिया, घरमा कोदाली, बाटोमा खुकुरी, र भगवानका मूर्तिहरू । यी सबै दलितका हातले बनेका छन् । त्यो श्रम हाम्रो सभ्यता हो, त्यो सीप हाम्रो देशको शक्ति हो, तर त्यो हात अझै अछुत छ।किन ? दलित युवा र अगुवाहरुले अहिले चेतना

जगाउँदै छन्।शिक्षा र सीप दुवैका माध्यमबाट आत्म सम्मान खोज्दैछन् । केही ठाउँमा सहकारी बनेका छन्, कतै तालिमहरू चल्न थालेका छन् । तर जरा अझै समाजकै सोचमा छ।“आरनको काम त तल्लो जातको हो ” भन्ने पूर्वाग्रहमा । मेरा बा भन्छन्, “फलाम त बलियो बन्छ,जब पोलिन्छ; मान्छे पनि त्यस्तै हो।” शायद यहीँ कारण हो।पोलिंदै, सहिंदै, उहाँ अझ बलियो बन्नुहुन्छ।बाजेले बनाएको मूर्ति आज पनि गाउँको मन्दिरमा सजिएको छ । त्यस मूर्तिको हनुमानलाई सिन्दूर लगाइन्छ, पूजा गरिन्छ । तर त्यो बनाउने हात।जसले मूर्तिको आकार दिएको थियो।उसलाई त मन्दिर छुनै मनाही।के यो देवताको अपमान होइन ? देउताको मूर्ति बनाउनेलाई अछुत बनाउने समाजलाई कसरी धार्मिक भनिन्छ ?

सरकारले हरेक वर्ष योजना बनाउँछ । दलित उत्थान कोष, सीप विकास कार्यक्रम, अनुदान, तालिम, सम्मान। तर ती योजना अहिलेसम्म आरणसम्म कहिल्यै पुगेका छैनन् । फाइल बनाउने, निवेदन लेख्ने, ठेगाना खोज्नेहरूकै पोलमा अनुदान बन्छ । बाँकी हामीजस्ता गाउँका आरण काम गर्नेहरुका लागि नीति पनि परैको कुरा। मेरा बा ! भन्छन् “मलाई पैसाको होइन, सम्मानको अनुदान चाहियो ।”

तर त्यो सम्मान फाइलले दिन सक्दैन । साँझको समय। आरणमा आगो मन्द हुँदै गएको छ।हथौडाको आवाज पनि सुस्त हुँदै गएको छ । तर म जान्दछु, यो आगो निभेको होइन।यो त पीडाको, श्रमको र असमानताको आगो हो । जुन अझ प्रज्वलित हुनेछ । बाको हात अझै फलाम पोल्दैछ । ती हातहरूले मलाई सिकाएका छन् । पोलाइ सहनु नै बल हो ।

कुनै दिन, यही आगोबाट न्यायको ताप निस्कनेछ।त्यो दिन फलाम पनि बलियो हुनेछ, समाज पनि । दलितको कथा अहिले पनि नेपालका हरेक गाउँमा पोलि रहेछ । हामीले आरणका धुवाँलाई केवल धुवाँ नसोचौं।त्यो धुवाँ भित्र इतिहास जलिरहेको छ।नीति पोलि रहेको छ, र न्याय सुकेको छ । “म फलाम पोल्छु, कागज पोल्न जान्दिन,” भन्ने बाका त्यो वाक्य आजको शासनका लागि सबभन्दा ठूलो प्रश्न हो ?

## कसको नीति, कसका लागि ?

दलितको श्रमले देशको ओजार बनाउँछ, तर नीति बनाउनेहरूका हातले अझै तिनै श्रमिकका हात बाँधिएका छन् । अब समय आएको छ।फलाम मात्र होइन, सोच पनि पगाल्ने।आरनको आगो अब चेतनाको प्रकाश बन्नुपर्छ। धन्यवाद ! ***लेखक यस पत्रिकाको सम्पादक हुनुहुन्छ ।***

**स्वस्थ, सुरक्षित र सभ्य समाजका निर्माणका लागि निम्न कुरामा ध्यान दिऔं ।**

- ❑ नियमित रूपमा हात मुख धोऔं, सरसफाइमा ध्यान दिऔं ।
- ❑ खुला दिसा नगर्ने, प्रयोगशाला वा शौचालय प्रयोग गरौं ।
- ❑ प्लास्टिकजन्य फोहर खुला चौर, नदी, खोला र सडकमा नफालौं ।
- ❑ छोराछोरीलाइं विद्यालय पठाऔं, बालविवाह र बालश्रम अन्त्य गरौं ।
- ❑ घरेलु हिंसा, मदिरा दुरूपयोग र लैंगिक विभेदको विरूद्ध आवाज उठाऔं ।
- ❑ अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक र एकल महिलालाई सम्मान र सहयोग गरौं ।
- ❑ स्थानीय सरकारद्बारा सञ्चालित योजनाहरूमा सहभागी बनौं, जानकारी लिऔ ।
- ❑ समाजमा सहिष्णुता, आपसी सदभाव र सहकार्यको भावना फैलाऔं ।

सजग नागरिक – समृद्ध गाउँपालिका ।

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम पूर्व

आलेख

वर्ष ७ अङ्क १३ २०८२ कार्तिक ०९ आईतबार

# समाजवादभित्रको शैक्षिक बेरोजगारी

➢ प्रा.डा. प्रकाशमान श्रेष्ठ

मुलुकको राज्यव्यवस्था समाजवाद उन्मुख हुन शिक्षा क्षेत्रमा पनि यसका नीति तथा कार्यक्रमहरू समाजवादी चरित्रका हुनुपर्छ ।‘सामन्तवाद’, हिजो हामीले भन्ने गरेका ‘अर्ध–सामन्तवाद’, ‘पुँजीवाद’, ‘समाजवाद’, ‘साम्यवाद’– यी फरक—फरक राजनीतिक दर्शनले कोरेका समाजको आर्थिक तथा सामाजिक संरचना पनि फरक—फरक छन् । त्यसैले, समाजको सामाजिक तथा आर्थिक संरचनामा उक्त संरचनासँग सम्बन्धित राजनीतिक दर्शन प्रतिविम्बित हुन्छ। यी उल्लेखित राजनीतिक दर्शनमध्ये कुनै पनि दर्शनमा आधारित समाजको सामाजिक तथा आर्थिक संरचनाप्रति जनताको असन्तुष्टि बढ्दै विस्फोट हुँदा मुलुकमा राजनीतिक व्यवस्था नै परिवर्तन हुन्छ। जुन नेपालको सन्दर्भमा २०६३ सालको जनआन्दोलनले पुष्टि गऱ्यो ।

उक्त जनआन्दोलनले नेपाललाई संविधानमार्फत समाजवाद–उन्मुख राज्य घोषणा गरायो। तर अहिलेसम्म नेपाली समाजको सामाजिक तथा आर्थिक संरचनामा समाजवाद उन्मुख चरित्र प्रतिविम्बित हुन सकेन । जनआन्दोलन अगाडिको सामाजिक तथा आर्थिक संरचनालाई समाजवाद–उन्मुख बनाएर लैजानुको सट्टा त्यही संरचनालाई अझ बलियो पार्दै निरन्तरता दिइरह्यो । यसको एउटा उदाहरण शिक्षा क्षेत्र पनि हो, जसको प्रमाण अहिले हामीले भोगिरहेको शैक्षिक बेरोजगारी हो ।भदौ २३ को जेन–जेडको आन्दोलन हुनुका विभिन्न कारणमध्ये एक प्रमुख कारण शैक्षिक बेरोजगारी हो । यदि शैक्षिक बेरोजगारी समस्यालाई राज्यसत्ताले समयमा सम्बोधन गरेन भने यसले राज्यसत्ता र शिक्षित बेरोजगार युवाबीच द्वन्द्व निम्त्याउँछ, फलस्वरूप मुलुकलाई आन्तरिक द्वन्द्वतिर धकेल्छ। त्यसैले अहिलेको राज्यसत्ताले गर्नुपर्ने विभिन्न काममध्ये एक तर प्रमुख काम शैक्षिक बेरोजगारीको समस्यालाई समाधान गर्नेतर्फ पाइला चाल्नु हो ।

समाजवादको उल्टो दिशामा हिँडिरहेको शिक्षा क्षेत्र : नेपालको संविधान २०७२ मा नेपाल समाजवाद–उन्मुख राज्यव्यवस्था भनेको कथनले के जनाउँछ भने राजनीतिक रूपमा वर्तमान मुलुक तथा राज्य व्यवस्थाको गन्तव्य समाजवाद हो। तर समाजवाद संविधानमा लेखेर मात्र प्राप्त हुने होइन, यो एक गन्तव्य भएको नाताले त्यहाँ पुग्ने बाटो पहिचान गरी उक्त बाटोमा हिँड्नु पर्छ।

राज्य सत्ताले मुलुकलाई समाजवादको बाटोमा हिँड्न लगाएपछि समाजमा आम–जनताले चाहे अनुरूपको सामाजिक तथा आर्थिक संरचनामा क्रमशः परिवर्तन देखा पर्छ। समाजवादमा पुग्ने बाटाहरू भनेको मुलुकको कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, वित्तीय आदिसम्बन्धी समाजवाद अनुरूप नीति हुन् र सो अनुरूपका कार्यक्रम हुन् । ती कार्यक्रमहरूको कार्यान्वयनबाट मात्र मुलुक समाजवादमा पुग्छ। मुलुकको राज्यव्यवस्था समाजवाद उन्मुख हुन शिक्षा क्षेत्रमा पनि यसका नीति तथा

कार्यक्रमहरू समाजवादी चरित्र अनुरूपका हुनुपर्छ। उदाहरणका लागि शैक्षिक कार्यक्रमहरू उत्पादनमुखी तथा सीपयुक्त जनशक्ति तयार गर्ने खालको हुनुपर्छ। आर्थिक तथा सामाजिक भेदभाव बिना गुणस्तरीय शिक्षामा सबैको समान पहुँच हुनुपर्छ।



शिक्षा राज्यको दायित्वभित्र राख्नुपर्छ, शिक्षाले आर्थिक रूपमा सम्पन्न तथा विपन्न वर्गको असमानताको दूरी कम गर्दै लानुपर्छ। शैक्षिक कार्यक्रमहरू मुलुकको आर्थिक विकास तथा मुलुकलाई आत्मनिर्भर बनाउने खालको हुनुपर्छ। तर वर्तमान शिक्षा क्षेत्रले मुलुकका लागि आवश्यक जनशक्ति तयार गर्न नसकेकै कारण बेरोजगारी संख्या प्रत्येक वर्ष वृद्धि हुँदै आएको छ।

आर्थिक तथा सामाजिक भेदभावबिना गुणस्तरीय शिक्षामा सबैको समान पहुँच हुनुपर्छ। शिक्षाले आर्थिक रूपमा सम्पन्न तथा विपन्न वर्गको असमानताको दूरी कम गर्दै लानुपर्छ। अनि, मुलुकको आर्थिक विकास तथा मुलुकलाई आत्मनिर्भर बनाउने खालको हुनुपर्छ।

यसबाहेक वर्तमान शिक्षा नीतिले समाजमा आर्थिक रूपमा सम्पन्न तथा विपन्न वर्गहरूको आर्थिक असमानताको दूरी झन्झन् फराकिलो बनाउँदै लग्यो र शिक्षा बजारमा पैसाले खरिद गर्न सक्ने उपभोग्य वस्तुको रूपको बनाइयो। भौगोलिक रूपमा मुलुकका विकट क्षेत्रहरूलाई, आर्थिक रूपमा विपन्न वर्गका विद्यार्थीहरूलाई शिक्षा क्षेत्रले पक्षपात गऱ्यो। यसको साथै राज्यले निजी क्षेत्रलाई शिक्षा क्षेत्रमा लगानी गर्न उत्साहित गर्दै उक्त क्षेत्रमा राज्यको दायित्व अप्रत्यक्ष रूपमा कम गर्दै लग्न खोजियो। समग्रमा वर्तमान शिक्षाले समाजवाद उन्मुख आर्थिक संरचना होइन, पुँजीवाद उन्मुख आर्थिक संरचना निर्माणमा सघाउँदै आएको छ।

**शैक्षिक क्षेत्रले जन्माएको शैक्षिक बेरोजगारी :** नेपालमा माध्यमिक शिक्षाको एउटा प्रमुख उद्देश्य मध्यमस्तरीय जनशक्ति तयार गर्नु हो। उच्चशिक्षाका विभिन्न उद्देश्यमध्ये एउटा प्रमुख उद्देश्य उच्चस्तरीय जनशक्ति तयार गर्नु हो। शैक्षिक संस्थाहरूबाट तयार गरिएका जनशक्ति चाहे त्यो मध्यमस्तरीय होस् वा उच्चस्तरीय, ती जनशक्ति मुलुकको आवश्यकता अनुरूप भएमा मात्र बजारमा खपत हुन्छ। तर नेपालमा माध्यमिक शिक्षा, स्नातक तह र स्नातकोत्तर तह उत्तीर्ण थुप्रै युवा बेरोजगार छन्।

सन् २०२३–२४ मा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम प्राप्त युवामध्ये ४० प्रतिशत बेरोजगार छन् भने उच्च शिक्षामा इन्जिनियरिङ विषय अध्ययन गरेका युवामध्ये २१ प्रतिशत बेरोजगार छन् भन्ने तथ्य अध्ययनले देखाएको छ। प्राविधिक शिक्षा

क्षेत्रको बेरोजगारी प्रतिशतको अंकबाट सजिलै अनुमान गर्न सकिन्छ कि साधारण शिक्षामा एसएलसी, स्नातक तथा स्नातकोत्तर उत्तीर्ण बेरोजगार युवाको संख्या अझ धेरै हुनुपर्छ।

आईएलओले गरेको एउटा अध्ययनले देखाएअनुसार समग्र बेरोजगार युवा (साक्षार नभएको तथा शिक्षित युवा)को संख्या २०.६५ प्रतिशत छ। यो अंकभन्दा उच्च शिक्षा हासिल गरेका बेरोजगार युवाको संख्या ८.४५ प्रतिशतले बढी छ। शिक्षित बेरोजगार संख्याको प्रतिशत साक्षर नभएको तुलनामा ९ गुनाले बढी छ। यो प्रवृत्ति आउँदा वर्ष पनि दोहरिए उच्च शिक्षाप्रति युवा उत्प्रेरित नहुन सक्छन् जसको नतिजा भविष्यमा मुलुकका लागि आवश्यक उच्चस्तरीय जनशक्ति अभाव हुन्छ। नेपालमा शैक्षिक बेरोजगारीको समस्या यथास्थितिमा रहिरहनुका केही कारणमध्ये शिक्षा प्रणालीसँग सम्बन्धित दुई प्रमुख कारण छन् :

पहिलो, मुलुकको आर्थिक विकास गर्न र मुलुकलाई आत्मनिर्भर बनाउन कृषिलाई आधुनिकीकरण गरी कृषिजन्य तथा उद्योगजन्य वस्तुहरूको उत्पादनमा वृद्धि गर्नुपर्छ। यसका लागि मध्यम तथा उच्चस्तरीय सीपयुक्त प्राविधिक तथा व्यावसायिक जनशक्तिको खाँचो छ। यी जनशक्ति तयार गर्ने संस्थाहरू भनेको माध्यमिक विद्यालय र उच्च शिक्षण संस्थाहरू हुन्। तर नेपालमा अधिकांश माध्यमिक विद्यालयहरू र उच्च शिक्षण संस्थाहरू प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम प्रदान गर्ने नभई साधारण शिक्षा प्रदान गर्ने प्रकारका छन्। हाल सञ्चालित कुल माध्यमिक विद्यालयमध्ये ८७. ५१ प्रतिशत विद्यालय साधारण शिक्षा प्रदान गर्ने खालका हुन् (प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम परिषद् अन्तर्गतका शैक्षिक संस्थासमेत)।

उच्च शिक्षा प्रदान गर्ने हाल सञ्चालनमा रहेका १९ संघीय तथा प्रदेश विश्वविद्यालयमध्ये १३ मा साधारण शिक्षाका कार्यक्रम सञ्चालन भएका छन्। तुलनात्मक रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको तुलनामा साधारण शिक्षामा शैक्षिक बेरोजगार संख्या अझ धेरै हुने अनुमान गरिएको छ। हाल सञ्चालित शिक्षण संस्थाहरूमा बजारमा रोजगारी नपाउने साधारण शिक्षाका शैक्षिक कार्यक्रम सञ्चालन गरिरहनु र यस प्रकारका शैक्षिक संस्था स्थापना गर्दै जानु भनेको बेरोजगार युवाको संख्या बढाउँदै जानु हो। त्यसैले मुलुकमा शैक्षिक बेरोजगार युवाको संख्यामा वृद्धि हुनुको एउटा प्रमुख कारण प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने शैक्षिक संस्था न्यून हुनु र साधारण शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू धेरै हुनु हो।

दोस्रो, अहिले सञ्चालन भइरहेका कतिपय प्राविधिक तथा व्यावसायिक कार्यक्रम बजारको ् आवश्यकता अनुरूप छैनन्। त्यसकारण एकातिर जनशक्ति खपत गर्ने संस्थाहरूलाई सीपयुक्त प्राविधिक जनशक्तिको अभाव छ भने प्राविधिक तथा व्यावसायिक शिक्षा हासिल गरेका युवा बेरोजगार छन्। किनकि प्राविधिक तथा व्यावसायिक शिक्षा उत्तीर्ण युवाले हासिल गरेका सीपहरू र जनशक्ति खपत गर्ने संस्थाहरूका लागि चाहिने सीपबीच मेल खाएको छैन।

## शैक्षिक बेरोजगारी कम गर्न छलाङ मार्ने कदमहरू

१. बेरोजगार हुने शिक्षित युवा–समूह धेरैजसो साधारण शिक्षातर्फका एसएलसीई, स्नातक र स्नातकोत्तर उत्तीर्ण व्यक्तिहरू हुन्। बेरोजगार हुनुको मुख्य कारण साधारण शिक्षातर्फ आवश्यकताभन्दा बढी जनशक्ति उत्पादन हुनु हो। बजारमा यी विषयका जनशक्तिको माग कम भइसकेका छन्। त्यसैले उच्च शिक्षाको साधारण विषयमा कम विद्यार्थी भर्ना गर्ने र बाँकी विद्यार्थीलाई प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम कार्यक्रममा भर्ना गरी प्राविधिक जनशक्ति तयार गर्ने नीति लिनुपर्छ। यसका लागि साधारण शिक्षा र प्राविधिक शिक्षा (चिकित्सा, इन्जिनियरिङ, कृषि, वन आदि) मा स्नातक तहमा भर्ना भई अध्ययन गर्न उच्च जीपीए ल्याउने विद्यार्थीले मात्र प्रवेश परीक्षाको नतिजाको आधारमा भर्ना भई अध्ययन गर्न पाउने व्यवस्था गर्नुपर्छ।

कम जीपीए ल्याउने विद्यार्थीलाई उच्च शिक्षा हासिल गर्न चाहेमा प्राविधिक तथा व्यावसायिक शिक्षा रोज्नुपर्ने व्यवस्था गर्नुपर्छ। यसका लागि तीन काम गर्नु अनिवार्य छ। पहिलो, साधारण शिक्षामा स्नातक तहमा भर्ना हुन आवश्यक जीपीएको अंकमा वृद्धि गर्नुपर्छ। दोस्रो, प्राविधिक तथा व्यावसायिक शिक्षामा उच्च शैक्षिक संस्थाहरू स्थापना गरी सञ्चालन गर्दै जानुपर्छ। तेस्रो, साधारण शिक्षाबाट प्राविधिक तथा व्यावसायिक शिक्षामा आउने विद्यार्थीका लागि प्रि–रिकुजिट कोर्सको व्यवस्था गर्नुपर्छ। उच्च शिक्षा अध्ययनका लागि यो व्यवस्था अपनाए एकातिर अनावश्यक क्षेत्रमा जनशक्तिको उत्पादन हुन पाउँदैन भने अर्कोतिर मुलुकका लागि आवश्यक क्षेत्रमा प्राविधिक जनशक्ति तयार हुन्छ।

२. एसएलसीईमा अनुत्तीर्ण विद्यार्थीका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम परिषद्अन्तर्गत सञ्चालित डिप्लोमा कोर्समा भर्ना गरी अध्ययन गराउने व्यवस्था गरिनु पर्छ। यसका लागि पहिलो पाठ्यक्रम व्यापक रूपमा परिमार्जन गर्नु अनिवार्य छ। दोस्रो, प्रवेश परीक्षा विद्यार्थीले अध्ययन गर्न चाहेका विषयमा उनीहरूको अभिवृद्धि मापन गर्ने खालको हुनुपर्छ। तेस्रो, एसईईमा जुनसुकै जीपीए ल्याएका विद्यार्थी पनि परीक्षामा सामेल हुन पाउने व्यवस्था गरिनु पर्छ।

३. साधारण शिक्षामा स्नातक तह तथा स्नातकोत्तर तह उत्तीर्ण तथा अनुत्तीर्ण बेरोजगार युवालाई प्राविधिक तथा व्यावसायिक शिक्षामा उच्च शिक्षा हासिल गर्न पाउने व्यवस्था गर्नुपर्छ।

४. कक्षा ८ मा कम ग्रेड ल्याई उत्तीर्ण भएका विद्यार्थीलाई अनिवार्य रूपमा प्राविधिक तथा व्यावसायिक विद्यालयमा भर्ना भई अध्ययन गर्नुपर्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ। ***श्रेष्ठ, त्रिवि शिक्षाशास्त्र संकायका पूर्वडिन हुन्। अन्नपूर्णबाट साभार***

# गहुँमा नयाँ खोज

## *अब एउटा फूलबाट तीन दाना, उत्पादन बढ्ने आशा*

वर्ष ७ अङ्क १३ २०८२ कार्तिक ०९ आईतबार



वैज्ञानिकहरूले गहुँमा गरेको नयाँ खोजले एउटा फूलबाट तीन दाना उत्पादन सम्भव बनाएको छ।यसले गहुँको उपज बढाउन र खाद्य सुरक्षामा टेवा पुऱ्याउने आशा गरिएको छ। वैज्ञानिकहरूले गहुँको फूलमा तीन अण्डाशय विकास गर्ने नयाँ जीन पत्ता लगाएका छन् जसले उत्पादन बढाउन सक्छ।यो नयाँ जीन वुशेल–डी सक्रिय हुँदा एउटा फूलमा तीन दाना बन्ने भएकाले जमिन, पानी वा मल थप प्रयोग नगरी उत्पादन वृद्धि सम्भव हुन्छ । नेपालमा गहुँ उत्पादन बढाउन यो प्रविधि उपयोगी हुनसक्ने कृषि विज्ञहरूले बताएका छन् र थप अनुसन्धान आवश्यक रहेको उल्लेख गरेका छन् ।

विश्वभर बढ्दो जनसंख्या र घट्दो खेतीयोग्य जमिनका बीच वैज्ञानिकहरूले गहुँको उत्पादन बढाउने दिशामा ठूलो सफलता हासिल गरेका छन् । तिनीहरूले यस्तो जीन पत्ता लगाएका छन् जसले सामान्य गहुँका फूलमा एउटा अण्डाशयको सट्टा तीनवटा अण्डाशय विकास गराउँछ। यसले थप जमिन, थप पानी वा थप मल प्रयोग नै नगरी गहुँको उत्पादन बढाउन सकिने सम्भावना देखाएको छ।यो नयाँ खोज अमेरिकी युनिभर्सिटी अफ मेरि ल्यान्डका वैज्ञानिकहरूले पत्ता लगाएका हुन्।

उनीहरुले गहुँको एक दुर्लभ प्रजाति पत्ता लगाएका छन्, जसको प्रत्येक फूलमा सामान्यतया हुने एउटा अण्डाशयको सट्टा तीनवटा अण्डाशय विकास हुन्छ ।

अर्थात् प्रत्येक अण्डाशयबाट एउटा दाना बन्ने भएकाले यस्तो प्रजातिमा एउटा फूलमा तीन दाना लाग्छ। वैज्ञानिकहरूले यस विशेष गुणको कारण पत्ता लगाउन गहुँको डीएनए म्यापिङ गरेर सामान्य गहुँसँग तुलना गरेका थिए।

त्यस क्रममा वुशेल–डी (WUSCHEL-D1) नामक जीन सक्रिय हुने पत्ता लाग्यो, जबकि सामान्य गहुँमा यो जीन निष्क्रिय रहन्छ।यो जीन सक्रिय हुँदा फूल बन्ने प्रारम्भिक चरणमै बढी फूलका बनोट विकास हुन्छन्, जसले गर्दा अतिरिक्त अण्डाशय बन्ने गर्छ।प्रोसिडिङ्स अफ द नेशनल एकेडेमी अफ साइन्सेज (PNAS) पत्रिकामा प्रकाशित यो खोज गहुँखेतीका लागि एक क्रान्तिकारी कदम हुनसक्ने वैज्ञानिकहरुले बताएका छन्।

## यसका मुख्य फाइदाहरू यस प्रकार छन्–

उत्पादनमा वृद्धि : एउटा फूलबाट तीन दाना बन्ने हुँदा सम्पूर्ण बोटको उपज धेरै गुणा बढ्न सक्छ।थप स्रोतको आवश्यकता छैन : थप जमिन, थप पानी वा थप मल प्रयोग नगरी नै उत्पादन बढाउन सकिन्छ।जलवायु परिवर्तनसँग लड्न मद्दत : जलवायु परिवर्तनले खेती कठिन बन्दै गएको अवस्थामा यो प्रविधिले उत्पादन स्थिर राख्न मद्दत पुऱ्याउन सक्छ।विश्व खाद्य सुरक्षा :



गहुँ विश्वकै प्रमुख खाद्यान्न बालीमध्ये एक हो।यसको उपज बढ्दा भविष्यको सम्भावित खाद्य संकट टार्न सहयोग पुऱ्याउन सक्छ।

## नेपालको सन्दर्भमा यसको महत्व

नेपालमा गहुँ धानपछि दोस्रो ठूलो अन्नबाली हो।तर जलवायु परिवर्तन, कीराको प्रकोप, सिंचाइ अभाव र माटोको क्षयजस्ता कारणले हाल गहुँ उत्पादन वृद्धि स्थिर छ।कृषि विज्ञहरूको भनाइमा, यस्तो प्रविधि नेपालमा ल्याउन सके गहुँखेतीमा नयाँ आयाम खुल्नेछ।

पूर्व वरिष्ठ कृषि प्रसार अधिकृत अमरराज शर्मा घिमिरे भन्छन्, 'नेपालमा गहुँ उत्पादन बढाउने सबैभन्दा ठूलो चुनौती जमिन र पानीको अभाव हो।यदि यस्तो जीन सुरक्षित र नेपालको हावापानी अनकूल रहेछ र त्यसलाई नेपालमा प्रयोग गर्न सकिन्छ भन्ने प्रमाणित भयो भने यसबाट हाम्रो उत्पादन क्षमता उल्लेखनीय रूपमा बढ्न सक्छ।तर यसमा थप अध्ययन अनुसन्धान आवश्यक छ।'उनका अनुसार, जलवायु अनुकुल कृषि उत्पादन अहिले नेपालका लागि अत्यावश्यक भइसकेको छ।त्यसैले थोरै खर्चमा धेरै उत्पादन लिन सकिने खालका बिउबिजनको खेती प्रवर्द्धनमा जोड दिनुपर्छ।

थप अनुसन्धान आवश्यक अब वैज्ञानिकहरूले यो वुश–डी १ जीनलाई कसरी नियन्त्रण र सक्रिय गर्ने भन्ने अध्ययन गरिरहेको जनाएका छन्।यदि यो प्रक्रिया दीर्घकालीन रूपमा सुरक्षित र स्थायी बनाइयो भने किसानहरूले एउटा बोटबाट बढी दाना दिने गहुँ फलाउन सक्नेछन्।

युनिभर्सिटी अफ मेरिल्यान्डका एक अनुसन्धानकर्ताले भनेका छन्–'हामीले यो विशेष गुणका पछाडि जिम्मेवार जीन पहिचान गरेका छौं।अब हाम्रो लक्ष्य यसलाई नयाँ प्रजातिहरूमा समावेश गरेर बढी उत्पादन दिने गहुँको जात विकास गर्नु हो।'वैज्ञानिकहरूको भनाइमा यदि यो प्रविधि गहुँमा सफल भयो भने, यसलाई धान, मकै र जौ जस्ता अन्य अन्नबालीमा पनि प्रयोग गर्न सकिने बताएका छन्।तर यसमा बोटको प्राकृतिक वृद्धि अवरुद्ध नहोस्, बोटले फललाई धान्न सकोस् भन्ने कुरामा भने विशेष सावधानी अपनाउनुपर्ने छ।विभिन्न मौसम र भू–भागमा लामो समयको परीक्षण गरेर नयाँ प्रजातिहरूको स्थायित्व र उत्पादन क्षमतालाई प्रमाणित गर्नुपर्ने चुनौति पनि बाँकी नै छ।यद्यपि यो नयाँ खोज वैज्ञानिक र किसान दुवैका लागि नयाँ आशाको किरण हो। यदि सबै कुरा योजनाअनुसार अघि बढ्यो भने आगामी वर्षहरूमा कम जमिनमै बढी फल लाग्ने गहुँको खेती गरेर उत्पादन बढाउन सकिने छ।यसले किसानको आम्दानी बढाउने मात्र होइन, विश्व खाद्य संकटसँग लड्न पनि ठूलो सहयोग पुऱ्याउने विश्वास छ।

सूचना



भूमे गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

### जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराईं, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।